मिति : २०८०/०६/३० गते (मंगलबार) स्थान : पो.म.न.पा. सभाहल

बैठक संख्या : २३ औं समय : विहान २ : ०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको २३ औं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

क्र.सं.		पदाधिकारीहरुको नाम	पद	दस्तखत
१	अध्यक्ष	श्री धनराज आचार्य	प्रमुख	
२	उपाध्यक्ष	श्री मञ्जुदेवी गुरुङ्ग	उप प्रमुख	
३	सचिव	श्री श्याम कृष्ण थापा	प्र.प्र.अ.	
४	सदस्य	श्री शाहारा प्रधान	अध्यक्ष वडा नं.१	
५	सदस्य	श्री दिवसमान प्रधानाङ्ग	अध्यक्ष वडा नं.२	
६	सदस्य	श्री प्रकाशमान उदास	अध्यक्ष वडा नं.३	
७	सदस्य	श्री देव कृष्ण पराजुली	अध्यक्ष वडा नं.४	
८	सदस्य	श्री विष्णु प्रसाद बराल	अध्यक्ष वडा नं.५	
९	सदस्य	श्री विष्णु बहादुर भट्टराई	अध्यक्ष वडा नं.६	
१०	सदस्य	श्री राममोहन आचार्य	अध्यक्ष वडा नं.७	
११	सदस्य	श्री रुद्रनाथ बराल	अध्यक्ष वडा नं.८	
१२	सदस्य	श्री दिपेन्द्र मर्सानी	अध्यक्ष वडा नं.९	
१३	सदस्य	श्री राजेश गुरुङ्ग	अध्यक्ष वडा नं.१०	
१४	सदस्य	श्री प्रेम प्रसाद कर्माचार्य	अध्यक्ष वडा नं.११	
१५	सदस्य	श्री सन्तोष वास्तोला	अध्यक्ष वडा नं.१२	
१६	सदस्य	श्री किरण बराल	अध्यक्ष वडा नं.१३	
१७	सदस्य	श्री बोध बहादुर कार्की	अध्यक्ष वडा नं.१४	
१८	सदस्य	श्री तोरण बहादुर बानिया	अध्यक्ष वडा नं.१५	
१९	सदस्य	श्री अमृत शर्मा तिमिल्सीना	अध्यक्ष वडा नं.१६	
२०	सदस्य	श्री राधिका कुमारी शाही	अध्यक्ष वडा नं.१७	
२१	सदस्य	श्री शिव प्रसाद तिमिल्सीना	अध्यक्ष वडा नं.१८	

२२	सदस्य	श्री पुष्पेन्द्र पाण्डे	अध्यक्ष वडा नं.१९	
२३	सदस्य	श्री गंगा बहादुर खत्री	अध्यक्ष वडा नं.२०	
२४	सदस्य	श्री दिपक प्रसाद सुवेदी	अध्यक्ष वडा नं.२१	
२५	सदस्य	श्री हिमलाल बराल	अध्यक्ष वडा नं.२२	
२६	सदस्य	श्री रामकाजी गुरुङ्ग	अध्यक्ष वडा नं.२३	
२७	सदस्य	श्री भरत बहादुर अधिकारी	अध्यक्ष वडा नं.२४	
२८	सदस्य	श्री मोतिराज तिमिल्सीना	अध्यक्ष वडा नं.२५	
२९	सदस्य	श्री नरेन्द्र थापा	अध्यक्ष वडा नं.२६	
३०	सदस्य	श्री पूर्ण कुमार गुरुङ्ग	अध्यक्ष वडा नं.२७	
३१	सदस्य	श्री श्रीकृष्ण लामिछाने	अध्यक्ष वडा नं.२८	
३२	सदस्य	श्री श्रीप्रसाद गुरुङ्ग	अध्यक्ष वडा नं.२९	
३३	सदस्य	श्री दुर्गा प्रसाद सुवेदी	अध्यक्ष वडा नं.३०	
३४	सदस्य	श्री ढकनाथ कडेल	अध्यक्ष वडा नं.३१	
३५	सदस्य	श्री अक्कल बहादुर कार्की	अध्यक्ष वडा नं.३२	
३६	सदस्य	श्री रामचन्द्र अधिकारी	अध्यक्ष वडा नं.३३	
३७	सदस्य	श्री दिपक घिमिरे	कार्यपालिका सदस्य	
३८	सदस्य	श्री हरिमाया बिश्वकर्मा	कार्यपालिका सदस्य	
३९	सदस्य	श्री गोविन्द तुलाचन	कार्यपालिका सदस्य	
४०	सदस्य	श्री मन्दिरा परियार	कार्यपालिका सदस्य	
४१	सदस्य	श्री धन कुमारी पोखेल	कार्यपालिका सदस्य	
४२	सदस्य	श्री निर्मल दियाली	कार्यपालिका सदस्य	
४३	सदस्य	श्री निर्मला पौडेल	कार्यपालिका सदस्य	
४४	सदस्य	श्री भिम कुमारी पुन गर्बुजा	कार्यपालिका सदस्य	
४५		श्री किरण प्रसाद कोइराला	वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह	
४६				
४७				

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

कार्यपालिकाको २३ औं बैठकका प्रस्तावहरु

१. पोखरा महानगरपालिका पूर्वाधार निर्माण मापदण्ड सम्बन्धी ।
२. विधालय बन्द भै रोजगार गुमाएका विधालय सहयोगी सम्बन्धी ।
३. डेभिजफलको शिशाको पुल निर्माण आयोजनाको सेती क्यानोन प्रा.लि. बिचको सम्झौता संशोधन सम्बन्धी ।
४. अनुगमन तथा सुपरिवेक्षण कार्यविधि (पहिलो संशोधन), २०८० सम्बन्धी ।
५. पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्बन्धि कार्यविधि, २०८० सम्बन्धी ।
६. शिसुवा अस्पताल व्यवस्थापन समिति, २०८० सम्बन्धी ।
७. वडा नं. ३२ को विश्व बैंक तर्फको योजना सम्बन्धी ।
८. फेवाताल दृश्याबलोकन ठेक्का सम्बन्धी ।
९. स्मार्ट लाइट जडान सम्बन्धी ।
१०. जग्गा कित्ताकाट सम्बन्धी ।
११. नक्शा परामर्श सेवा कार्यविधि, २०७५ बमोजिमको धरौटी सम्बन्धी ।
१२. पलटाँसी गुम्बा विधालयलाई जग्गा भोगाधिकार सम्बन्धी ।
१३. रकम थप विनियोजन सम्बन्धी ।
१४. जनसहभागिता छुट सम्बन्धी ।
१५. गत आ.व. को भुक्तानी दिन बजेट व्यवस्थापन सम्बन्धी ।
१६. समस्याग्रस्त सहकारी सम्बन्धी ।
१७. वहुवर्षिय खरिद प्रक्रिया सम्बन्धी ।
१८. अन्नपूर्ण केबलकारको टिकट दररेट सम्बन्धी ।
१९. विविध ।

कार्यपालिकाको २३ औं बैठकका निर्णयहरु (मिति २०८०/०६/३०)

निर्णय नं. १:- पोखरा महानगरपालिका भित्र संरचना निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डका सम्बन्धमा विगतमा तत्कालिन पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र साविक गाउँ विकास समितिको पटक पटक भएका निर्णय र मापदण्ड निर्धारण हुन बाँकी विभिन्न खोला, भिर, बाटो, कुलो ,पोखरी, नहर, ताल तलैया समेतलाई समावेश गरी तयार भएको मापदण्डका विषयमा १३ औं नगर सभाबाट स्वीकृत भएको पोखरा महानगरपालिका भवन तथा पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० लाई पोखरा महानगरपालिका राजपत्र भाग २ मा प्रकाशन गर्ने निर्णय भयो । मापदण्ड अनुसूची- १ मा संलग्न छ ।

निर्णय नं. २:- पोखरा महानगरपालिकाको निर्णय बमोजिम विधालय समायोजन भएको कारण फाजिलमा परेका कार्यालय सहयोगीलाई शिक्षा महाशाखा प्रमुखसंग समन्वय गरी आवश्यक व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

निर्णय नं. ३. पोखरा महानगरपालिका भित्र विगतमा नक्शा स्वीकृत नगराई निर्माण भएका भवन हरु र पोखरा महानगरपालिकामा समायोजन भएका तत्कालिन लेखनाथ नगरपालिका र गाँउ विकास समितिमा निर्माण भएका भवनहरुको सन्दर्भमा विधायन समितिबाट सिफारिस भै आएको पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्बन्धि कार्यविधि, २०८० छलफल पछि सर्वसहमतीले स्वीकृत गर्ने निर्णय भयो । कार्यविधि, अनुसूची-२ मा संलग्न छ ।

निर्णय नं.४:- आय ठेक्का प्रक्रिया अनुसार ठेक्का आव्हान भै बोलपत्र दाताबाट प्रस्ताव समेत परि सम्झौताको चरणमा रहेको फेवाताल दृश्याबलोकन ठेक्का नियमानुसार सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५:- पोखरा महानगरपालिका क्षेत्र भित्र सडक बत्ती जडान हुन बाँकी स्थानहरु मध्ये आवश्यकता अनुसार चालु आ.व. मा रकम व्यवस्था भए अनुसार आवश्यक स्थानमा सडक स्मार्ट लाइट जडान गर्न खरिद प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ६:- पोखरा महानगरपालिका भित्र जग्गा कित्ताकाट गर्दा एकाघरका अंसियारहरुको अशंबन्डाको हकमा मात्र जग्गा कित्ताकाट गर्दा प्रत्येक कित्तामा कम्तिमा ८० व. मि. क्षेत्रफल कम नहुने गरी कित्ताकाट गर्ने व्यवस्था मिलाउने निर्णय भयो ।

निर्णय नं. ७: - गत आ.व. मा वजेट व्यवस्था भई साझेदारीमा विद्यालय बस खरिद प्रक्रिया अघि बढको तर बस आई नपुगेका कारण भुक्तानी हुन नसकेको र हाल बसहरु विधालयमा उपलब्ध भईसकेकाले रकम भुक्तानी दिन पर्ने अवस्था सृजना भएको तर चालु आ.व.मा बजेट विनियोजन हुँदा भुलबस बजेट विनियोजन गर्न छुट भएको र चालु आ.व.मा बजेट विनियोजन गर्दा भवन मर्मत सुधार शिर्षकमा रकम विनियोजन हुन छुट भएको तर केही स्थानमा मर्मत कार्य भै सकेकाले ति शीर्षकमा चालु आ.व.मा विनियोजित भैपरि आउने पुँजीगत ३१५११ शिर्षकमा विनियोजित रकम रु. ३ करोड ५० लाख मध्येबाट देहाय बमोजिमको शिर्षकमा देहाय बमोजिमको रकम रकमान्तर गरी भुक्तानी दिने र आगामी नगर सभाबाट अनुमोदनको लागि पेश गर्ने निर्णय भयो ।

सि. नं.	योजनाको नाम	ठेगाना	स्वीकृत रकम रु.
१	शान्ति मा.वि. (बस खरिद गत आ.व.)	पोखरा १६	१५,४६,५००/-
२	विष्णुपादुका मा.वि. (बस खरिद	पोखरा २५	१५,११,५००/-
३	ब्रम्हारुपा मा.वि. (बस खरिद	पोखरा ३२	१४,९१,०००/-

४	कालिका मा.वि. बस खरिद	पोखरा २४	१५,२१,५००/-
५	अम्बिका मा.वि. बस खरिद	पोखरा २५	१५,०९,०००/-
६	शान्त मा.वि. बस खरिद	पोखरा १८	१५,०९,०००/-
७	त्रिभुवन शान्ति मा.वि. बस खरिद	पोखरा ३०	१४,९१,०००/-
८	निर्मित भवन सम्पत्ती मर्मत सुधार		२०,००,०००/-
९	पोखरा महानगरपालिकाको गेट तथा प्रहरी तालिम केन्द्र मर्मत सुधार		१०,००,०००/-
१०	रिठेघाट र्‍यालेचौर सडक स्तरोन्नती	वडा नं. २०	१०,४४,०००/-
११	वडा नं. ५ र ८ जोड्ने पुल	वडा नं. ५, ८	३०,००,०००/-
१२	सभागृहमा स्पोर्टको डुँगा राख्ने ट्रष्ट निर्माण		१५,००,०००/-

निर्णय नं. ८:- चालु आ.व.मा स्वीकृत भएका देहाय बमोजिमका योजनामा देहाय बमोजिम जनसहभागिता कायम गर्ने निर्णय गरियो ।

सि. नं.	योजनाको नाम	जनसहभागिता
१	अस्थाई लेण्डफिलमा माटो व्यवस्था सम्बन्धी	शुन्य
२	कृषि सडक हुँदै रत्नेटा राउसे ओडार मोटर बाटो निर्माण, वडा नं. २४	शुन्य
३	विभुती पार्क स्तरोन्नती र व्यवस्थापन, वडा नं. १८	५ प्रतिशत
४	कार्कीको कुल मन्दिर नेरको सामुदायीक भवन निर्माण, वडा नं. २४	शुन्य

निर्णय नं. ९:- गत आ.व.मा निर्णय तथा कार्यान्वयन भई भुक्तानी दिन छुट भएका देहाय बमोजिमका योजनाको देहाय बमोजिम रकम पुँजीगत भैपरि शिर्षक ३१५११ बाट रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

सि. नं.	योजनाको नाम	स्थान	भुक्तानी दिन बाँकी रकम रु.
१	भित्री डाँडाको नाक चन्द्रकालिका बाटो (गत आ.व. को) का.पा. विसौं बैठकको निर्णय)	वडा नं. २७	३,००,०००/-
२	पशुपतीनाथ मन्दिर परिसर पानी टंकी शौचालय र रुम पार्टेसन गत आ.व. को बाँकी	वडा नं. ८	३,५६,४४१/१९
३	पुरानो धारा बस्ती संरक्षण (जनसहभागिता छुटको निर्णय बमोजिम, कर समेत)	वडा नं. ४	२,०७,५६३/-

निर्णय नं. १०:- यस महानगरपालिका अन्तर्गत नियमन क्षेत्राधिकार भित्रका देहाय बमोजिमका सहकारी संस्थामा पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ को दफा ७८ को खण्ड क, ख, ग, र घ बमोजिमको अवस्था विद्यमान देखिन आएकाले उक्त सहकारी संस्थालाई समस्याग्रस्त सहकारी संस्था घोषणा गर्न गण्डकी प्रदेश सरकार मार्फत भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने निर्णय भयो ।

१. ईमेज बचत तथा ऋण सहकारी संस्था
२. सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था

निर्णय नं. ११:- पोखरा महानगरपालिका वडा नं. १८ मा रहेको अन्नपूर्ण केबलकार प्रा. लि. ले सेवाग्राही सँग टिकट दरका सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०८०/०६/२१ गतेको निर्णय सिफारिस बमोजिम देहाय बमोजिम टिकट दस्तुर कायम गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

नागरिक	टिकट दर	
	एकतर्फी	दुईतर्फी
नेपाली	४००/-	७००/-
सार्क राष्ट्र	५५०/-	८५०/-
सार्क राष्ट्र बाहेक	६ US डलर	१० US डलर
अपांगता भएको व्यक्ति	एकतर्फि टिकट मुल्यको ५० प्रतिशत छुट	एकतर्फि टिकट मुल्यको ५० प्रतिशत छुट
जेष्ठ नागरिक	एकतर्फि टिकट मुल्यको ५० प्रतिशत छुट	एकतर्फि टिकट मुल्यको ५० प्रतिशत छुट
सामान ढुवानी	प्रति के.जि. रु. १५/- मात्र	

निर्णय नं. १२:- पोखरा महानगरपालिकाबाट निर्मित ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरुमा आवश्यकता अनुसार संशोधन परिमार्जन गर्नु पर्नेमा आवश्यक संशोधन परिमार्जन प्रक्रिया आगाडी बढाउन पोखरा महानगरपालिका शहरी योजना आयोगलाई जिम्मेवारी दिने निर्णय भयो ।

निर्णय नं. १३:- गत आ.व. मा गौरवको आयोजना तालचोक वेगनास सडक खण्डलाई निर्माण सामाग्री उपलब्ध गराएको वडा नं. ३२ को गढीघाटको नदीजन्य सामाग्री यसवर्ष पनि माग भएमा उपलब्ध गराउन भनि ठेक्का प्रक्रियामा समाबेश नगरिएकोमाउक्त आयोजनाबाट नदीजन्य सामाग्री आवश्यक नपर्ने जानकारी आएकाले ठेक्का वडा नं. ३२ को गढिघाट र वडा नं. २९ को सैनिक मुसेटुँडा घाटलाई आय ठेक्का प्रक्रिया अघि बढाउने निर्णय भयो ।

निर्णय नं. १४:- गत आ.व. मा गुड इन्जिनियरिंग प्रा.लि. का ठेक्का सम्झौता भै मिति २०८० जेष्ठ ३० गते सम्म सम्पन्न गर्ने शर्त सहित कार्यान्वयनमा गएको वडा नं. २० को रिठघाट र्‍यालेचौर सडक स्तरोन्नती कार्यको आ.व. को अन्तसम्म ७६ प्रतिशत काम सम्पन्न भएको कामको रनिंग बिल अनुसारको रकम भुक्तानी भएको बांकी कामको लागि चालु आ.व. को बजेटमा रकम समाबेश नभएकाले निर्माण व्यवसायीबाट काम रोकेकाले बजेट व्यवस्था गरि सार्वजनिक खरिद नियमावली बमोजिम मिति २०८० पौष मसान्त सम्म उक्त ठेक्काको म्याद थप गर्ने निर्णय भयो ।

निर्णय नं. १५:- पोखरा महानगरपालिका वडा नं. १ मा रहेको वडा प्रहरी कार्यालय बगर रहेको जगा राष्ट्रिय माध्यमिक विधालयको स्वामित्वमा रहेको र उक्त स्थानमा रहेको खेल मैदानलाई विस्तार गर्न आवश्यक भएको भनि स्थानीय भद्रभलाद्मी लगायत सर्वदलिय बैठकबाट वडा प्रहरी कार्यालयलाई सोही वडामा रहेको पोखरा महानगरपालिकाले ईन्देणी एकिकृत विकास केन्दलाई भोगाधिकार उपलब्ध गराई सो केन्द्रले उपयोग गरिरहेको गाईघाट नजिकको कि. नं. २ जग्गा मध्येबाट ५-०-०-० रोपनी जग्गा उपलब्ध गराउने र सो जग्गामा वडा प्रहरी कार्यालय स्थानान्तरण गर्न सबै पक्षबाट सहमत भएको भनि वडा नं. १. को च. नं. ४५० मिति २०८०/०६/२१ को पत्रबाट सिफारिस भै आएकाले वडा प्रहरी कार्यालय बगर उक्त जग्गामा स्थानान्तरण गर्न जिल्ला प्रशासन कार्यालय, कास्की मार्फत गृह मन्त्रालयमा सिफारिस गर्ने निर्णय भयो ।

निर्णय नं.१६:- पोखरा महानगरपालिका भित्र विश्व बैंकको सहयोगमा निर्माण हुने सडकहरु निर्माण गर्न खरिद प्रक्रियाको सिलशिलामा वचत हुन आएको रकमबाट पोखरा महानगरपालिका वडा नं. ३२ को सातमुहाने गगन गौंडा जाने चोकबाट फेदी सम्म र सातमुहाने बाट खोलाछेउ पक्की पुलसम्म जाने सडक निर्माण गर्न सिफारिस गर्ने निर्णय भयो ।

निर्णय नं.१७:- पोखरा महानगरपालिकाले अस्थाई रुपमा फोहर व्यवस्थापन गर्दै आएको वडा नं. ३२ मा दैनिक रुपमा फोहर पुर्न माटो खरिद गर्न आवश्यक भएकाले स्थानीयको माग अनुसार उपभोक्ता समिति मार्फत माटो आपुर्ती गरेकोमा प्राविधिक प्रतिबेदन अनुसारको रकम सम्बन्धित शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

निर्णय नं.१८:- पोखरा महानगरपालिकामा रहेको नगर प्रमुखले प्रयोग गर्ने गाडी अत्यन्त पुरानो भएकोले यात्राको क्रममा पटक पटक विग्रिएर असहज भएको र मर्मत गर्दा पनि ठुलो रकम खर्च हुँदै आएकाले चालु आ.व.मा विनियोजित सवारी साधन खरिद शीर्षकबाट नगर प्रमुखको प्रयोजनको लागि एउटा विधुतिय सवारी साधन खरिद गर्ने निर्णय भयो ।

निर्णय नं.१९:- पोखरा महानगरपालिका कृषि महाशाखाबाट तैयार पारि छलफलको लागि पेश भएको कृषि एम्बुलेन्स संचालन कार्यविधि, २०८० थप अध्ययन गरी पेश गर्न पोखरा महानगरपालिका शहरी योजना आयोगमा पठाउने निर्णय भयो ।

निर्णय नं.२०:- पोखरा महानगर कार्यपालिकाबाट स्वीकृत भएको न्युनतमा समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७८ को दफा ९ मा कृषि उपजको गुणस्तर र मूल्य नगर कार्यपालिकाले तोकिएअनुसार हुने भएकोले यस बैठकबाट आर्थिक बिकास महाशाखा, कृषि बिकास शाखा बाट पेश गरिएको तपशिल अनुसार बालीको न्युनतम समर्थन मूल्य तपशिल अनुसार तोक्ने निर्णय भयो ।

सि नं.	कृषि उपजको नाम	समर्थन मूल्य रु
१	पोखरेली जेठोबुढो धान	९५
२	मकै	५५
३	गहु	६०
४	कोदो	९०
५	फापर	१३०
६	कागुनो	१२०
७	तोरी	१८४
८	काउली	२२
९	वन्दा	१६
१०	रायो साग	१५
११	गोलभेडा स्थानिय	३७
१२	सिमि	५५
१३	घिरौला	२०
१४	काँक्रो	२२
१५	करेला	२१
१६	आलु	२७
१७	अदुवा	३६
१८	खुर्सानी	५५

१९	लसुन	१४७
२०	प्याज	३७
२१	कार्प माछा	३१५
२२	मह	७८८
२३	च्याउ कन्ये	१३०
२४	खुर्सानी अकबरे	१५०
२५	गोव्रे च्याउ	२६०
२६	भिण्डी	३२
२७	भण्टा	२०
२८	ब्रोकाउली	३०
२९	मुला	१२
३०	गाजर	३०
३१	हरियो केराउ	३५
३२	हरियो धनिया	३५
३३	क्याप्सिकम	६५
३४	फर्सि	१५
३५	लौका	२०

<u>निर्णय नं.२१:-</u> फेवातालको मापदण्ड लगायतको सन्दर्भमा सम्मानित सर्बोच्च अदालतको निर्णय समेतको आधारमा सर्वसाधारणको जानकारीको लागि देहाय बमोजिमको सूचना पोखरा महानगरपालिका राजपत्र भाग २ मा प्रकाशन गर्ने

<u>फेवाताल किनारामा ६५ मिटर बाहिरको नक्सा स्विकृत गर्ने सम्बन्धी सूचना</u> ।

पोखरा महानगरपालिका फेवाताल लेकसाइड मार्ग अर्थात बाटो भन्दा तल (पश्चिम तर्फ) ताल भन्दा माथि (पूर्व तर्फ) का जग्गाहरुमा विभिन्न निकायहरुबाट हालसम्म निर्माण कार्य रोक्का रहेकोमा पोखरा उपत्यका नगर विकास समितिको मिति २०७९।०९।०३ गतेको १७२ औं बैठकको निर्णय तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८०।०३।०४ गतेको फैसला अनुसार फेवातालको वरिपरि वर्षायामको अधिकतम पानीको (High Flood) किनाराबाट ६५ मिटर सम्मको क्षेत्रलाई मात्र पूर्ण रुपले हरियाली क्षेत्र घोषित गरेको हुँदा सो ६५ मिटर भन्दा बाहिरको जग्गामा अन्य प्रचलित मापदण्ड यथावत कायम रहने गरि निर्माण कार्य फुकुवा गर्ने पोखरा महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।०४।१४ को बैठकले निर्णय सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

निर्णय नं.२२:- पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका घरका सटर, भित्ता, व्यवसाय स्थल, सार्वजनिक स्थल, एवं व्यवसायीक प्रतिष्ठान आदिमा गरिएका विज्ञापनहरुको विज्ञापन कर संकलनको लागि यस कार्यालयको मिति २०८०/०३/२८ गते प्रथम पटक प्रकाशन भएको आय ठेक्का आव्हान सम्बन्धी सूचना अनुसार तेस्रो पटक सम्म सूचना प्रकाशन गर्दा समेत बोलपत्र पेश हुन नआएको, यस वर्षमा बिज्ञापन करको दरमा हेरफेर भएको, र समय समेत कम भएको कारण गर्दा पहिले कायम गरेको लागत अनुमान रु.५११००००।०० अंकमा ३० प्रतिशतले कमी गरि रु.३५७७०००।०० लगत अनुमान कायम गरी पुन आय ठेक्का ब्यवस्थापन गर्न राजश्व परामर्श समितिको मिति २०८०/०६/२१ को निर्णय सिफारिस अनुसार रु ३,५७,७०,०००/- लागत अनुमान कायम गरी आयठेक्का प्रक्रिया अघि बढाउने निर्णय भयो ।

निर्णय नं.२३:- गत आ.व. मा निर्माण सम्पन्न भएको वडा नं. २ को **अर्चलबोट नाला तथा स्ल्याव स्तरोन्नती योजनाको** प्राविधिक प्रतिबेदन अनुसार भुक्तानी दिन बाँकी रकम रु. ६,००,०००/- पुँजीगत भैपरी शिर्षक ३१५११ बाट रकमान्तर गरी भुक्तानी दिने निर्णय भयो ।

निर्णय नं.२४:- पोखरा महानगरपालिकाको मध्य भाग भएर बहने फिर्के खोलाको प्राविधिक नापजाँच अनुसार खोलाघर भित्र पर्ने सम्पूर्ण संरचना हटाउन सम्बन्धित सबै पक्षलाई अनुरोध गर्दै ३५ दिने सूचना प्रकाशन गर्ने र सूचनाको मिति नाघे लगत्तै नहटेका संरचनाहरु महागरले हटाउने निर्णय गरियो ।

निर्णय नं.२५:- पोखरा महानगरपालिका वडा नं. १० मा रहेको पलटासी छ्योलिंग गुम्बा विधालयले भवन निर्माणको लागि जग्गा लिजाधिारमा माग गरेको विषयमा प्राविधिक प्रतिबेदन तथा वडा नं १० को सिफारिस बमोजिम नक्शा सिट नं.०९३ ०९६० ०४ को कि. नं. ४५ क्षेत्रफल २२४६४.४ बर्ग मिटर जग्गा मध्ये उत्तरको कि. नं ४४ को दक्षिण बीचमा ३-३-०-३ रोपनी जग्गा पलटासी छ्योलिंग गुम्बा विधालय निर्माणको लागि लिजाधिारमा उपलब्ध गराउन संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय भयो ।

२२	सदस्य	श्री पुष्पेन्द्र पाण्डे	अध्यक्ष वडा नं.१९	
२३	सदस्य	श्री गंगा बहादुर खत्री	अध्यक्ष वडा नं.२०	
२४	सदस्य	श्री दिपक प्रसाद सुवेदी	अध्यक्ष वडा नं.२१	
२५	सदस्य	श्री हिमलाल बराल	अध्यक्ष वडा नं.२२	
२६	सदस्य	श्री रामकाजी गुरुङ्ग	अध्यक्ष वडा नं.२३	
२७	सदस्य	श्री भरत बहादुर अधिकारी	अध्यक्ष वडा नं.२४	
२८	सदस्य	श्री मोतिराज तिमिल्सीना	अध्यक्ष वडा नं.२५	
२९	सदस्य	श्री नरेन्द्र थापा	अध्यक्ष वडा नं.२६	
३०	सदस्य	श्री पूर्ण कुमार गुरुङ्ग	अध्यक्ष वडा नं.२७	
३१	सदस्य	श्री श्रीकृष्ण लामिछाने	अध्यक्ष वडा नं.२८	
३२	सदस्य	श्री श्रीप्रसाद गुरुङ्ग	अध्यक्ष वडा नं.२९	
३३	सदस्य	श्री दुर्गा प्रसाद सुवेदी	अध्यक्ष वडा नं.३०	
३४	सदस्य	श्री ढकनाथ कडेल	अध्यक्ष वडा नं.३१	
३५	सदस्य	श्री अक्कल बहादुर कार्की	अध्यक्ष वडा नं.३२	
३६	सदस्य	श्री रामचन्द्र अधिकारी	अध्यक्ष वडा नं.३३	
३७	सदस्य	श्री दिपक घिमिरे	कार्यपालिका सदस्य	
३८	सदस्य	श्री हरिमाया बिश्वकर्मा	कार्यपालिका सदस्य	
३९	सदस्य	श्री गोविन्द तुलाचन	कार्यपालिका सदस्य	
४०	सदस्य	श्री मन्दिरा परियार	कार्यपालिका सदस्य	
४१	सदस्य	श्री धन कुमारी पोखेल	कार्यपालिका सदस्य	
४२	सदस्य	श्री निर्मल दियाली	कार्यपालिका सदस्य	
४३	सदस्य	श्री निर्मला पौडेल	कार्यपालिका सदस्य	
४४	सदस्य	श्री भिम कुमारी पुन गर्बुजा	कार्यपालिका सदस्य	
४५		श्री कृष्ण प्रसाद तिवारी	वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह	